**अनुसूची- २**

(दफा ४तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बोदेबरसाईन नगरपालिका सप्तरी

# स्थानीय राजपत्र

खण्डः ५ संख्याः १ मितिः

**भाग-२**

बोदेबरसाईन नगरपालिका

नगर सभाबाट पारित मितिः २०७८/११/३०

राजपत्र प्रकाशन मितिः २०७८/१२/०६

ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यबिधि २०७८

आज्ञाले,

नामः घनश्याम यादव

प्रमुख प्रशासकिय अधिकृत

# ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि २०७८

## १. परिचय :

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान  सिप क्षमता र अनुभवको सदुपयोग गरि निजहरु प्रति श्रद्वा. आदर तथा सदभाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुबिधाको उचित व्यबस्थापन गरि नेपालको संबिधानको अनिसुची ८ को क्र.स १५ बमोजिम तथा स्थानीय सरकार सन्चालन एन,२०७४को दफा १०२ बमोजिम बोदे बरसाईन नगर सभाबाट पारित मितिः २०७८/११/३० को बैठकले पारित गरि यो कार्यविधि लागू गरेको छ ।

## २.परिचय पत्र वितरणका आधार :

नेपालको संबिधानको धारा ४१मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक , ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५को अनुसार ज्येष्ठ नागरिकलाई परिचय पत्र दिने ब्यबस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र वितरणका आधार हुनेछन् ।

## ३.उद्देश्य :

क. ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लागत राख्ने । उक्त लागत राख्ने कार्यमा एकरूपताका लागि अनुसूची-३ को ढाचामा लागत राख्नु पर्नेछ ।

ख. नेपालको संबिधान अनुसार प्रदत् ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चितगर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्बजनिक सवारी साधन , सार्बजनिक कार्य , स्वास्थ्य सेवा , धार्मिक तथा सार्बजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवस्यक सेवा , सुबिधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित एन , नियम अनुसार ज्येष्ठ नगरिकरुलाई सामाजिक सुरक्षा, न्याय , अधिकार र समानता प्रदान गरि निजहरुमा रहेको ज्ञान , सीप,क्षमता र अनुभवको सदुपयोग गरि बिकाश प्रक्रियामा सहभागी गराउने ।

## ४.लक्षित बर्ग :

ज्येष्ठ नागरिक सम्बन्धी एन ,२०६३ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

## ५.ज्येष्ठ नागरिकको बर्गिकरण :

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५को नियम १४ को उपनियम १ बमोजिम ज्येष्ठ नागरिकहरुको बर्गिकरण देहाय बमोजिम गरिएकोछ :

क.  साठी वर्ष पुरा गरि सत्तरी वर्ष पुरा नगरेका ज्येष्ठ नागरिक |

ख. सत्तरी वर्ष उमेर पुरा गरेको बरिस्ठ ज्येष्ठ नागरिक |

ग. असहाय ज्येष्ठ नागरिक |

घ. अशक्त ज्येष्ठ नागरिक |

## ६.परिचय पत्र वितरणका मापदण्ड :

ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष  उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय पत्र प्रदान गर्न सकिनेछ |

## ७.ज्येष्ठ नागरिक परिचयपत्रको ढाचा :

ज्येष्ठ नागरिक परिचयपत्रको ढाचा यस कार्यविधिको अनुसूची-२ बमोजिमको हुनेछ | ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाण पत्रको आकार बराबरको हुनेछ | उक्त परिचयपत्र अगाडीतर्फ नेपाली भाषामा र पछाडी अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ |

## ८.परिचय पत्र वितरण प्रक्रिया :

क . ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी वर्ष  उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनुपर्नेछ |

ख.  निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ | यस प्रायोजनको लागि नागरिकताको प्रमाण पत्र लाइ आधार मानिनेछ |

ग.  ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ |

घ.सम्बन्धीत वार्ड कार्यालयको सिफारिस |

ङ. परिचय पत्र प्राप्त ज्येष्ठ नागरिकहरुको लागत तोकिय बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरि नगरपालिकाको कार्यालयमा राखी बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ |

च . ज्येष्ठ नागरिक परिचय पत्रको प्रतिलिपि लिन वडा कार्यालयको सिफारिस सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेश गर्नु पर्नेछ |

छ. अनुसूची १ बमोजिम ज्येष्ठ नागरिकको व्यक्तिगत अभिलेख राखिनेछ ।

## ९. विविध :

नगरपालिकालाई आवस्यक लागेको कार्यपालिकाका ज्येष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक ज्येष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

अनुसूची २

बोदे बर्साइन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,बोदे बर्साइन, सप्तरी

मधेश प्रदेश नेपाल ।

## ज्येष्ठ नागरिक परिचय –पत्र

परिचयपत्र .न ..............

नाम थर :...........

ना.प्र.न: .....जारीमिति :......... जन्म मिति.......उमेर :......लिङ्ग:.........

ठेगाना : प्रदेश..... जिल्ला............न.पा : ....... वडा न ......गाउ /टोल :....

रक्त समूह:..... उपलब्ध छुट तथा सुविधाहरु:....

पति/पत्नीको नाम:....

हेरचाहकेन्द्रमा बसेको भए सो को विवरण:....

संरक्षकको नाम,थर : ....

ठेगाना,मो.न.

रोगको र औषधिको नाम

प्रमाणित गर्ने अधिकृतको

परिचय पत्र वाहकको दस्तखत

दस्तखत:

| दायाँ | बायाँ |
|---|---|
| | |

नाम थर :

पद :

मिति :

" यो परिचय पत्र कसैले पाएमा नजिकको प्रहरी कार्यालयमा वा नगरपालिकामा बुझिदिनु होला । "

Bodebarsain Municipality

OFfice of Muncipal Execuitive

Bodebarsain, saptari

Madhesh Province Nepal

ID Card  Number: .....

Full Name of Person: .......

C.No:..... Issue Date:... D.O.B.......    Age:.....Sex:......

Madhesh province District : .....      Local level : .......... Ward No: ......Tole:....

Blood Group:.... Discount Facility:....

Name of The husband/Wife: ........

Description of Care Center if stayed:

Gardian’s Detail:

Disease& Medicine:

Signature of ID card  Holders:

| Right | Left |
|---|---|
| | |

Approved by

Signature:......

Name:......

Designation: .........

Date:

" IF somebody finds this ID card ,please deposit in the nearby police station or local level"

# अनुसूची ३

## ज्येष्ठ नागरिक परिचय -पत्र अभिलेख विवरण

| प.प्र.न. | नाम थर | जन्ममिति | बुवा आमाको नाम | बाजेको नाम | पति पत्नीको नाम | संरक्षको नाम | नागरिकता जारि मिति | ज्येष्ठ नागरिक प.प्र.जारीमिति | फोटो | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |